जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २३० २०८२ साल बैशाख २ गते मंगलबार (15 Apr. 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : विसं २०८१ : नेपाली खेलकुदलाई ... ३ पृष्ठमा : के हुनुपर्छ नयाँ वर्षमा ... ३ पृष्ठमा : इजरायलका पूर्व गुप्तचर ...

## ऐतिहासिक शम्भुनाथ मेला सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १ बैशाख ।**

नयाँ वर्षको अवसरमा हरेक वर्ष बैशाख १ गतेदेखी लाग्ने शम्भुनाथ मेला यस पटक पनि लागेको छ । सप्तरीको शम्भुनाथ नगरपालिकास्थित मन्दिर प्राङ्गणमा लाग्ने एक महिने ऐतिहासिक मेला सोमबार विधिवत रुपमा पूजापाठ गरि सुरु भएको हो ।



मेलाको एक समारोहबीच वडा अध्यक्ष समेत रहेका "शम्भुनाथ मेला समिति २०८२" का संयोजक बिजय कुमार साहले पूजापाठ र मन्दिरमा भार (प्रसाद) चढाएर शुभारम्भ गरे ।

मेला समितिमा नगरपालिकाका १२ वटै वडाका वडाअध्यक्ष मध्ये एक जना संयोजक र अन्य सदस्य छन् । पहिलो दिन तीन हजार भन्दा बढी श्रद्धालुले प्राङ्गणमा रहेको पोखरीमा पवित्र स्नान पश्चात् पूजापाठ गरेको मेला समितिका संयोजक साहले जानकारी दिए ।

यो मेला भर्न स्वदेशी तथा सीमावर्ती भारतीय क्षेत्रका धर्मावलम्बीहरुको घुंइचो लाग्ने गरेको मूल पुजारी सूर्यनारायण झाको भनाई छ । रुपनी र कठौनाको बीचमा पूर्वपश्चिाम राजमार्गदेखी एक किलोमिटर दक्षिणमा अवस्थित यस मन्दिरमा रहेको शिवलिङ्ग करिब ८ फिट जती अग्लो र ३ फिट मोटो कालो पत्थडको छ ।

यस मेलालाई धार्मिक महत्वका साथै नयाँ वर्षको शुभकामना आदानप्रदान गर्ने स्थलको रुपमा पनि लिने गरिएको छ । यस मेलामा विभिन्न प्रकृति र सम्प्रदायका सयौं साधुसन्तहरुको जमघट भई मन्दिर परिसरमा बसी बैशाख महिना भर साधनामा ब्यस्त रहने तथा रातभर भजन किर्तन हुने गरेको छ ।

यस पटक यस मन्दिरमा पूजापाठ तथा एक महिने मेलामा ५ लाख भन्दा बढी भक्तजन आउने मेला समितिको अनुमान छ । तराई मधेश क्षेत्रमा यति लामो समयसम्म अटुट रुपमा मेला लाग्ने यस्ता धार्मिक स्थल कमै छन् ।

## सतुवाइन पर्व मनाइँदै

जलेश्वर, १ वैशाख (रासस) ।

तराई-मधेशका महोत्तरीसहित धनुषा, सर्लाही, बारा, पर्सा, रौतहट, सिरहा र सप्तरी लगायतका जिल्लामा सोमबार सतुवाइन पर्व मनाइँदै छ ।

नयाँ वर्षका दिन मधेशमा सतुवाइन पर्व मनाइने गरेको जलेश्वर नगरपालिका ५ का संस्कृतिविद् ध्रुव रायले बताउनुभयो । चना, मकै, जौ, भटमास लगायतका वस्तुलाई भुटेर त्यसलाई पुनः पिंधेर पिठो तयार गरिन्छ । सोही पिठोको सातु खाएर आजका दिन मिथिलाञ्चलमा सतुवाइन पर्व मनाइने चलन रहेको जलेश्वर ८ का पण्डित बद्रीनारायण झाले जानकारी दिनुभयो ।

जलेश्वर नगरपालिका १ स्थित जलेश्वरनाथ महादेव मन्दिरका पूजारी उपेन्द्र पाठक सातुले शीतलता प्रदान गर्ने, वर्षभरि व्यक्ति स्वस्थ्य, सरल र संस्कारी रहने तथा सबैसँग सुमधुरसम्बन्ध कायम गर्ने गराउने मान्यताका साथ नयाँ वर्षको पहिलो दिन मिथिलाञ्चलमा सातु खाएर सबैले सतुवाइन पर्व मनाउने चलन रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आजका दिन यस क्षेत्रका प्रत्येक घरका प्रत्येक सदस्यले कुनै कुरा खानु अघि सबैभन्दा पहिले सातु खाने गर्दछन् । सातुलाई चिनी, सख्खर वा आफ्नो स्वाद अनुसार नूनसँग पनि खाने चलन छ ।"

## दुई महिनापछी सकुशल भेटिए रोशनी



**दैनिक समाचारदाता**
**राजविराज, १ बैशाख ।**

झण्डै दुई महिनाअघि भारतको उत्तर प्रदेश अयोध्यास्थित राम मन्दिर परिसरबाट हराएकी राजविराज ७ की रोशनी सकुशल भेटिएकी छिन् ।

प्रयागराजमा लागेको बिशाल महाकुम्भमा स्नान पश्चात् अयोध्यास्थित राममन्दिर दर्शन गर्न परिवारसहित पुगेकी २० वर्षिय रोशनी गत फागुन ३ गते भिडमा सम्पर्कबिहीन भएकी थिइन् ।

परिवारजनले उत्तर प्रदेशस्थित खोयापाया केन्द्र (हराएका व्यक्ति बारे सूचना दिने केन्द्र) मा पुगि जानकारी गराएका थिए । यसका अतिरिक्त परिवारजन उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ तथा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह समेतलाई भेटी रोशनीको खोजि र उद्दारमा सहयोगका लागि आग्रह गरेका थिए ।

हराएका सदस्यको खोजिमा लामो समयदेखी भौतिरिएका साह परिवारलाई चार दिनअघि उत्तर प्रदेश प्रहरीबाट आएको खबरले निकै खुशी बनायो । हराएको दुई महिना बित्न लाग्दा पनि नभेटिएका परिवारका सदस्य अब भेटिएलान भन्ने विश्वास नै नभएको बेला अचानक उत्तर प्रदेश प्रहरीको प्रयासले छोरी साथमा पाउन सम्भव भएको बुबा बिरेन्द्र साहले बताए । लामो समयपछि रोशनी भेटिएपछि पुरै परिवार अहिले हर्षित छन् ।

साहले छोरी भेटिने माध्यम बनेका उत्तर प्रदेश प्रहरीले मन्दिर आसपासकै क्षेत्रबाट सकुशल उद्दार गरि आफूहरुलाई बोलाएर जिम्मा लगाएको बताएका छन् । रोशनी मधेश आन्दोलनका सहिद स्व. दिलिप साहकी आफ्नै भतिजि हुन् ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले तिर्थ यात्राका लागि भारतको अयोध्या पुगेकी रोशनी सम्पर्कबिहीन भएको बेला परिवारजनले जानकारी गराएर पहलका लागि आग्रह गरेपनि अहिले भेटिएको सुनिएपनि परिवारजनले आधिकारीक रुपमा कुनै जानकारी नगराएको बताएका छन् ।

**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**पशु बीमा करा के निश्चिन्त रहू**

पशुपालन देशके अर्थतन्त्रके मुख्य आधार चियै । प्राकृतिक विपद, रोग और दुर्घटनासे पशु मरैके बाद किसान सबके आर्थिक नोकसानी हैछै । तैके लागि नेपाल सरकार पशुपालन करैबाला सबके लेल पशु बीमा योजना लागू केने छै ।
गाइ, महिस, बकरी, भेंडा, सुंगर, मुर्गा सहित अन्य घरमे पालैवाला जानवरके बीमा कराबू । रोग, महामारी और दुर्घटनासे पशु मरलाके बाद बीमाके लाभ ल्याल जा सकै छै । निश्चिन्त भ्याके व्यवसायिक रूपसे पशुपालन करै ल बीमा लाभदायक छै । अधिक जानकारीके लेल आसपासमे रहल पशु चिकित्सालय या पशु सेवा केन्द्रमें सम्पर्क करू ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## चैत मसान्तसम्म २९ प्रतिशत विकास खर्च

काठमाडौं, १ वैशाख (रासस)। चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिसम्ममा विकास खर्च २९ प्रतिशतमा खुम्चिएको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार चैत ३० गतेसम्मको सरकारको पुँजीगत खर्च रू एक खर्ब दुई अर्ब ९० करोड बराबर मात्रै छ। पुँजीगत शीर्षकमा चालु आर्थिक वर्षका लागि सरकारले रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन गरेको थियो। वार्षिक विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च २९ दशमलव दुई प्रतिशत हो।

विकास खर्च मात्र नभई यो अवधिको समग्र बजेट खर्च कमजोर देखिएको छ। वार्षिक विनियोजनको तुलनामा चैत मसान्तसम्ममा ५३ दशमलव ६७ प्रतिशत बराबर बजेट खर्च भएको हो। चालु आर्थिक वर्षका लागि सरकारले रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो। चैत मसान्तसम्ममा रू नौ खर्ब ९८ अर्ब ५० करोड बराबर खर्च भएको छ।

त्यस्तै, चालु शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन भएकामा ५९ दशमलव ४५ प्रतिशत अर्थात् रू छ खर्ब ७८ अर्ब छ करोड बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

वित्तीय व्यवस्था शीर्षकमा चैत मसान्तसम्मको खर्च रू ५९ दशमलव २३ प्रतिशत बराबर छ। चालु आर्थिक वर्षका लागि यो शीर्षकमा सरकारले रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ प्रतिशत बराबर विनियोजन गरेकामा वार्षिक विनियोजनको ५९ दशमलव २३ प्रतिशत खर्च भएको हो।

यो अवधिको राजस्व सङ्कलन पनि कमजोर छ। कुल रू १४ खर्ब १९ अर्ब ३० करोड बराबर राजस्व उठाउने लक्ष्य राखिएकोमा चैत २९ गतेसम्म रू आठ खर्ब २१ अर्ब ६७ करोड बराबर मात्रै राजस्व उठेको छ। यो वार्षिक लक्ष्यको ५७ दशमलव ८९ प्रतिशत बराबर हो।

त्यस्तै, यस वर्ष रू ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको रू २७ दशमलव २७ प्रतिशत अर्थात् रू १४ अर्ब २६ करोड ८८ लाख बराबर मात्रै अनुदान उठेको छ।

## फोनिजको अध्यक्षमा चौधरी

काठमाडौं, १ वैशाख (रासस)। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को आठौं महाधिवेशनबाट अध्यक्षमा लक्की चौधरी सर्वसम्मत चयन हुनुभएको छ।

बुटवलमा सम्पन्न महाधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा सरु राना मगर, उपाध्यक्ष (खुल्ला) विश्वराज तामाङ, उपाध्यक्ष (महिला) अञ्जना शिल्पकार, उपाध्यक्ष (संस्थागत) अर्जुन जम्नेली राई, उपाध्यक्ष अल्पसंख्यक यमन राईडोने, महासचिव समीर बलामी निर्वाचित हुनुभएको छ।

त्यसैगरी खुल्ला

*बाँकी अन्तिम पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विसं २०८१ : नेपाली खेलकुदलाई फर्केर हेर्दा

**राजु सिलवाल**

काठमाडौं, १ वैशाख (रासस)।

नेपाली खेलकुद क्षेत्रमा व्यावसायिक अभ्यासका लागि २०८१ साल महत्वपूर्ण वर्षका रूपमा रह्यो। भलिबल, क्रिकेट, कबड्डी, फुटबलजस्ता खेलको व्यावसायिक प्रतियोगिता आयोजना हुनु मुलुककै खेलकुद विकासका लागि उल्लेखनीय मानिएको छ। यस्तै फुटबल, क्रिकेटजस्ता खेलमा केही खेलाडीले विदेशी क्लबमा आबद्ध रहेर खेल्न पाउनु पनि नेपालक लागि गौरवको विषय बन्ने नै भयो।

विगतको तुलनामा प्रतियोगिताहरूको आयोजना तथा अन्तरराष्ट्रिय सहभागिता घटेता पनि एक वर्षमा केही उल्लेखनीय नतिजा पनि हासिल भएका छन्। पारा ताइक्वाण्डो खेलाडी पलेशा गोवर्धनले इतिहासमै पहिलोपटक पारा ओलम्पिकमा कास्य पदक जित्नु महत्वपूर्ण उपलब्धि थियो।

यस्तै देशको प्राथमिकतामा पर्न नसकेको 'खोखो' खेलको विश्व च्याम्पियनसिपमा नेपाल उपविजेता बन्नु, कराते खेलाडी एरिका गुरुङले अष्ट्रेलियन ओपन कराते च्याम्पियनसिपमा स्वर्ण पदक जित्नुजस्ता सफलताले मुलुकलाई गौरवान्वित बनाएको छ। क्रिकेटर सन्दीप लामिछानेले 'टि-२०' अन्तरराष्ट्रिय क्रिकेटमा एक सय विकेटको रेकर्ड पुऱ्याएर विश्वमै छिटो विकेट लिनेहरूमा दोस्रो स्थानमा पुग्न सफल हुनु, कतार विरुद्धको खेलमा दीपेन्द्रसिंह ऐरीद्वारा एक ओभरमा छ छक्का प्रहारजस्ता कीर्तिमान साधारण उपलब्धि होइनन्। यसै अवधिमा काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट रङ्गशालामा राति पनि खेल सञ्चालनका लागि 'फ्लडलाइट' जडान तथा १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण एंव रुपन्देहीको तिलोत्तमा नगरपालिकामा व्यक्तिगत तवरबाट बनाइएको क्रिकेट रङ्गशालाको निर्माण सम्पन्न हुनुजस्ता प्रगति पनि भएका छन्। तीनपटक मिति घोषणा भएर पनि दशौं राष्ट्रिय खेलकुद आयोजना हुन नसक्नु, नेपाल ओलम्पिक कमिटीमा तालाबन्दी हुनु, कैयौं खेलका राष्ट्रिय प्रतियोगिता नहुनु, प्रदेशस्तरमा खेलका गतिविधि सन्तोषजनक नहुनुजस्ता अप्रिय सन्दर्भ पनि खेलकुद क्षेत्रमा नभएका होइनन्। गत असोज १२ गते परेको भीषण पानी तथा त्यसपछिको बाढी-पहिरोमा परी मकवानपुरस्थित एन्फा एकेडेमी फुटबल प्रशिक्षणमा रहेका छजना बालकको दुःखद निधन पनि यो सालको बिर्सिन नसकिने घटनाका रूपमा लिनुपर्दछ। प्रस्तुत सामग्रीमा २०८१ सालको खेलकुदसम्बन्धी केही प्रमुख प्रसङ्ग उल्लेख गरिएको छ।

**पारा ओलम्पिकमा पहिलो पदक**

सन् २०२२ मा चीनमा भएको पारा एसियाली खेलकुदमा पहिलो ऐतिहासिक कांस्य पदक जितेर चर्चामा आएकी पलेशा गोवर्धन आफ्नो इतिहासलाई दोहोऱ्याएकी छिन्। सन् २०२४ मा फ्रान्सको राजधानी पेरिसमा ओलम्पिक खेलकुद सम्पन्न भएलगत्तै आयोजित पारा ओलम्पिकमा नेपाली खेलाडी पलेशा गोवर्धन कांस्य पदक जितेर मुलुकलाई पहिलोपटक पारा ओलम्पिकको आधिकारिक पदक दिलाउन सफल भइन्। उनले महिला ५७ केजी तौल समूहको 'रिपाचेज'को फाइनलमा सर्बियाकी खेलाडीलाई पराजित गरी पदक जितेकी थिइन्। उनी पहिलो खेलमा भेनेजुयलाकी खेलाडीलाई पराजित गर्दै 'क्वाटर फाइनल'मा प्रवेश गर्न सफल भएकी हुन्। उनी क्वाटरफाइनलमा ब्राजिलकी खेलाडीसँग भने हारेकी थिइन्। रिपाचेज चरणमा फ्रान्स र सर्बियाकी खेलाडीलाई हराएर पलेशा नेपालको पहिलो ओलम्पिक पदकको हकदार बनेकी हुन्।

**ओलम्पिकमा कमजोर सहभागिता**

पेरिसमा सम्पन्न ओलम्पिकमा नेपालको १५औँ सहभागिता रहे पनि उपलब्धि भने नगन्य रह्यो। छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउन पुगेका नेपालका पहिलो टेबुल टेनिस खेलाडी स्याण्टु श्रेष्ठ सेनेगलका खेलाडीसँग '४-०'को सोझो सेटले पराजित भएका थिए।

महिला म्याराथनमा धाविका सन्तोषी श्रेष्ठ ७९औँ भएकी थिइन्। उक्त प्रतिस्पर्धामा ९२ जनाको सहभागिता रहेको थियो। नेपाली स्विमिङ खेलाडी एलेक्जेण्डर शाह पुरुषको एक सय मिटर दूरीको 'फ्रिस्टाइल इभेन्टस'मा हिटस प्रतिस्पर्धामै सीमित रही कूल सहभागीहरूमध्ये ५९औं स्थानमा रहे। २०० मिटर दूरीको महिला फ्रिस्टाइलमा डुबाना लामा पनि हिटसका प्रतिस्पर्धीहरूमध्ये पुछारमा रहेकी थिइन्। जुडोमा मनिता श्रेष्ठ पहिलो भिडन्तमै सर्बियाकी खेलाडीसँग '१०-०' अङ्कले हार्न पुगिन्। यस्तै सुटिङ खेलतर्फ १० मिटर दूरीको एयरराइफल इभेन्टसमा सुस्मिता नेपाल ४२औं स्थानमा पुगेकी थिइन्। ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल डेनमार्क, आयरल्याण्ड तथा इजरायलका खेलाडीसँग पराजित भएका थिए। ओलम्पिकमा नेपाली खेलाडीहरूले उचित खेल प्रदर्शन गर्न सक्ने सम्भावना भएका खेलको पदक लक्षित दीर्घकालीन प्रशिक्षण सञ्चालन नगरेसम्म ओलम्पिकमा निरन्तर सहभागिताबाट खासै नतिजा नआउने सन्देश पेरिसमा नेपाली खेलाडीहरूको प्रदर्शनले दिएको थियो।

**ओलम्पिक कमिटीमा ताला**

अन्तरराष्ट्रिय खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने आधिकारिक संस्था नेपाल ओलम्पिक कमिटीको कार्यालयमा ताला लाग्नु पनि यस वर्षको खेलकुदजगतका लागि दुःखद घटना बन्न पुग्यो। युवा तथा खेलकुद मन्त्रालयको निर्देशनमा सो ताला लगाइएको थियो। ओलम्पिक कमिटीको केही समयअघि सम्पन्न निर्वाचनप्रति असहमति जनाउँदै कार्यालयमा ताला लगाइएको थियो। नेपालले अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा ओलम्पिक कमिटीको झन्डामुनि सहभागिता जनाउँदै आइरहेको छ। ओलम्पिक कमिटीका नयाँ निर्वाचित टोलीलाई हालसम्म सरकारका तर्फबाट मान्यता प्रदान गरिएको छैन। यसले गर्दा नेपालमा ओलम्पिक गतिविधिलाई गम्भीर असर पर्नाका साथै आगामी वर्ष पाकिस्तानमा आयोजना हुने दक्षिण एसियाली खेलकुदलगायतका अन्तरराष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिता अन्योल पर्न सक्ने देखिएको छ।

**बिर्सन नसकिने फुटबल**

विगतमा ओझेलमा परेको महिला फुटबल विस्तारै लयमा फर्कँदै छ। तर साफ महिला च्याम्पियनसिप फुटबलको फाइनलमा केही वर्षदेखि नै पराजय भोग्दै आइरहेको नेपाली टोली २०८१ सालमा पनि उपाधि विजेता बन्न सकेन। नेपाली टोलीले यस प्रतियोगिताको फाइनलमा पराजय व्यहोरेको छपटक भइसकेको छ। घरेलु मैदानमा दशौं हजार दर्शकको उपस्थितिमा नेपाली टोलीले राम्रो प्रदर्शन गर्दागर्दै पनि बङ्गलादेशको टोलीसँग हार व्यहोर्नु परेको थियो। यसअघि सन् २०२२ मा नेपाल बङ्गलादेशसँग नै फाइनलमा पराजित भएको थियो। नेपाली टोलीको पराजय भएपछि नेपाली फुटबल प्रेमीहरूको चित्त बुझाउन कठिन भयो। यसअघि फाइनलमा भारतसँग चारपटक हार व्यहोर्न परेको नेपाली टोलीले यसपटक भने सेमी फाइनलमा भारतविरुद्ध व्यापक रूपमा दबाब दिएर पराजित गर्दै फाइनलमा पुगेको थियो।

**फेरि उप-विजेता**

चारवटा मुलुकका टोलीहरूको सहभागिता रहेको 'फोर नेसन्स' महिला फुटबल प्रतियोगितामा पनि नेपाल उपविजेतामै सीमित हनुपुग्यो। प्रतियोगिताका सहभागी टोलीहरू कीर्गिस्तान, लेबनानलाई पराजित आफ्नो बलियो उपस्थिति देखाएको नेपालले म्यानमारसँग बराबरी खेल खेल्दै फाइनलमा पुगेको थियो। अन्तिम प्रतिस्पर्धामा नेपाल म्यानमारसँग पराजित हुन पुगको थियो।

**एउटै प्रतियोगिता खेल्दा लाखौं रुपैयाँ**

नेपालकै पहिलो फ्रेन्चाइज खेलकुद प्रतियोगिता मानिएको नेपाल सुपर लिग फुटबल प्रतियोगिता एनएसएलको तेस्रो संस्करण पनि व्यावसायिक खेलको दृष्टिकोणले महत्वपूर्ण मानिएको छ। फुटबलका लागि पहिलोपटक अक्सन गरिएको यो प्रतियोगितामा नेपाली पुरुष खेलाडीहरू एउटै प्रतियोगिताका लागि डेढ लाखदेखि चार लाख रुपैयाँमा अनुबन्ध भई विभिन्न मुलुकका ख्यातिप्राप्त खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्दैछन्। विदेशी खेलाडीलाई अझ धेरै पारिश्रमिक दिएर नेपालमा खेल्न आमन्त्रण गरिएको छ। २०८२ साल मङ्सिरमा महिलाहरूको पनि फ्रेन्चाइज लिग हुने भएपछि महिला खेलाडीहरूमा पनि उत्साह थपिएको छ।

**भलिबलतर्फको सफलता**

भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गरिएपछि यसको गतिविधि र सफलता बढ्दै गएको छ। २०८१ सालमा पनि भलिबलमा विभिन्न उपलब्धि हासिल भएका छन्। नेपालले सेन्ट्रल एसियन भलिबल एसोसिएसन काभा महिला भलिबल लिग नेसन्स च्याम्पियनसिपमा दोस्रो स्थान हासिल गरेको थियो। लिग चरणमा श्रीलङ्का, माल्दिभ्स र भारतलाई पराजित गर्न सफल नेपाली टोलीले सेमी फाइनलमा इरानलाई पराजित गरेको थियो। नेपाली टोली आफूले लिग चरणमा हराइसकेको भारतीय टोलीसँग फाइनलमा हारेर उपाधि जित्नबाट वञ्चित भएको थियो।

माल्दिभ्समा भएको काभा महिला भलिबल क्लब च्याम्पियनसिपमा नेपाल पुलिस क्लबले उपाधि जितेको थियो। उज्वेकिस्तानको हुमो भलिबल क्लबलाई पराजित गरेर प्रतियोगिता च्याम्पियन बनेको नेपाली टोलीले लिग चरणकै पाँचवटा खेल जितेर उपाधि हात पार्न सफल भएको थियो। नेपालको पुरुष 'टी-२०' भलिबल टोली काभा पुरुष भलिबल च्याम्पियनसिपको कोलम्बोमा भएको फाइनलमा उज्वेकिस्तानसँग पराजित भई दोस्रो भएको थियो।

**एनपिएल क्रिकेटको रौनक**

अन्तरराष्ट्रियस्तरमा नेपाललाई चिनाउने प्रमुख खेलमा क्रिकेट पर्दछ। क्रिकेटका लागि २०८१ साल व्यस्तताको वर्ष रह्यो। नेपाली दर्शकहरू नेपाली क्रिकेट खेलाडीहरूको टी-२० विश्वकप खेल हेर्न अमेरिकासमेत पुगेबाट नेपालमा क्रिकेटको लोकप्रियता कति रहेछ भनेर आकलन गर्न सकिन्छ।

नेपालमा यो वर्ष आयोजना भएका खेलकुद प्रतियोगितामध्ये दिनहुँ अत्यधिक दर्शकहरूको उपस्थिति रहेको नेपाल प्रिमियर लिग एनपिएलको क्रिकेटको रौनक पनि बिर्सन नसक्ने घटनाका रूपमा रह्यो।

नेपाली तथा विभिन्न मुलुकका ख्यातिप्राप्त क्रिकेट खेलाडीहरूले एकसाथ निजी क्षेत्रको लगानी रहेको एनपिएलको पहिलो संस्करणमा प्रतिस्पर्धा गरेका थिए। काठमाडौंमा नेपाल क्रिकेट सङ्घले आयोजना गरेको घरेलु प्रतियोगितामध्ये सबैभन्दा ठूलो प्रतियोगिता मानिएको एनपिएलमा खेलाडीहरूको पारिश्रमिक तथा पुरस्कारमै मात्र करोडौं रुपैयाँ खर्च गरिएको थियो। विभिन्न अन्तरराष्ट्रिय क्रिकेट खेलाडीहरूलाई आकर्षक पारिश्रमिक दिएर खेल्न आमन्त्रण गरिएको एनपिएलमा नेपाली मार्की खेलाडीहरूले हालसम्मकै उच्च २० लाख रुपैयाँ पारिश्रमिक पाएका थिए। पहिलो संस्करणको उपाधि जितेर जनकपुर बोल्ट्स टोलीले एक करोड १० लाख रुपैयाँसहित उपाधि जित्न सफल भएको थियो। उक्त टोलीले फाइनलमा सुदूरपश्चिम रोयल्स टोलीलाई पाँच विकेटले हराएको थियो। प्रतियोगिताको उपविजेता सुदूरपश्चिम रोयल्स टोलीले ५१ लाख रुपैयाँ पुरस्कार पाएको थियो भने सो टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले

*बाँकी तीन पृष्ठमा*

# के हुनुपर्छ नयाँ वर्षमा राजनीतिक संकल्प ?

**नारायण न्यौपाने/अशोक घिमिरे**

काठमाडौँ, १ वैशाख (रासस)।

राजनीतिक दलका युवा नेताहरूले समृद्धि, सुशासन, सामाजिक न्याय, सार्वजनिक सेवा प्रवाहको सुधार तथा जनअपेक्षा पूरा गर्न नयाँ वर्ष नयाँ राजनीतिक सङ्कल्प र प्रतिबद्धताको आवश्यकता औँल्याउनुभएको छ। उहाँहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्न तीन तहकै सहरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रहेर आगामी मार्गचित्र तय गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेताहरूले यसका लागि कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन रहेको उल्लेख गर्दै सार्वजनिक खर्चको मितव्ययिताका लागि सांसद र मन्त्रिमण्डल तथा कर्मचारीको सङ्ख्या कटौती गरेरै भए पनि जानुपर्ने धारणा राख्नुभयो। नयाँ वर्ष २०८२ को प्राथमिकताका विषयमा केन्द्रित रही विभिन्न राजनीतिक दलका नेतासँग गरिएको कुराकानी :

**दलहरूबाट दरिलो प्रतिबद्धता आवश्यक छ : चन्द्र भण्डारी (नेपाली कांग्रेस)**

नेपालको संविधान, राजनीतिक दल र नेताहरूको यो मुलुकमा हामी पाँच वर्षमा गरिबीबाट अन्त्य गर्न सक्छौँ भन्ने पहिलो प्रतिबद्धता हुनुपर्छ। मुस्ताङ, मनाङ, कर्णालीजस्ता ठाउँका नागरिक काठमाडौँ आएर विकास माग्न नपरोस्, सरकार आफैँ त्यहाँ उपस्थित होस्। हिमाली क्षेत्रमा भेडाच्याङ्ग्रा पालेर आम्दानी गर्न सकोस्। जलस्रोतबाट धेरै आम्दानी गर्न सकिन्छ। जलस्रोत र पशुपालन क्षेत्रलाई अघि बढाउने नीति लिइयोस्। सीमान्तकृत वर्गलाई जलस्रोत उत्पादनमा शेयर पाउने व्यवस्था गरोस्, यति गर्नासाथ मुलुक सम्पन्न हुन्छ। शैक्षिक क्षेत्रलाई पनि उकास्न नयाँ योजना ल्याउन सकोस् भन्ने सरकारसँग कामना गर्छु। तर, हालको सोच र शैलीले हुँदैन, त्यसका लागि नेताहरूको सोचमा परिर्वतन हुनुपर्‍यो।

अहिले विकासमा धेरै लगानी गर्नसक्ने अवस्था छैन। सांसदहरूको सङ्ख्या घटाएर एक सयको हाराहारीमा ल्याउनुपर्छ, मन्त्रिमण्डल सानो र छरितो बनाउनुपर्छ, प्रदेश नहटाए पनि प्रदेश सांसद र मन्त्रिपरिषद्को सङ्ख्या घटाउनुपर्छ। संवैधानिक आयोग र कर्मचारी हालको सङ्ख्यामा ६० प्रतिशत घटाउनुपर्छ। संस्कृति, समाज र बनोटलाई हेर्दा स्थानीय निर्वाचनलाई 'पार्टी लेस' व्यवस्था गर्नुपर्छ। तब मात्रै यो मुलुक अघि बढ्न सक्छ। 'सही व्यक्ति, उचित जिम्मेवारी' हुनुपर्छ। अवकाशप्राप्त कर्मचारीलाई पुनः जिम्मेवारी दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ।

**२०८२ कानुन निर्माणको वर्ष बनोस् : दीपा शर्मा (नेत्री एमाले)**

सुशासन, विकास तथा सामाजिक न्यायसम्मका विषयमा एकताबद्ध भएर सामाजिक मूल्यमान्यतालाई अघि बढाउन सकियोस्, राजनीतिक दलहरू पनि एक ढिक्का भएर देश विकासको साझा मुद्दामा लाग्न सकून्। अर्थतन्त्रलाई सुधार गरेर विकासका कामलाई तीब्रता दिन सकौँ। व्यवस्थामाथि कहीँकतै प्रश्न उठेका छन्, त्यसलाई निराकारण गर्ने गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो र मजबुत बनाउन तीनै तहका सरकार लाग्नुपर्छ। आमजनताले सुशासन र सामाजिक न्यायको अनुभूति गर्न चाहिरहेका छन्, त्यसका लागि इमान्दार नेतृत्व खोजिरहेका छन्।

समाज रुपान्तरणका लागि जे सङ्कल्प लिएर काम गरे फेरि पनि सम्पूर्ण राजनीतिक दल एकढिक्का भएर मुलुक बनाउन अघि बढ्न् भन्ने जनचाहनालाई पूरा राजनीतिक नेतृत्व तथा समाजका सबै तह र तप्काका नागरिक एक हुन प्रेरणा मिलोस्। सुशासन, सामाजिक न्याय र सेवा प्रवाहमा सुधार गर्न राज्यका निकायलाई चुस्त राख्दै कानुन निर्माणमा लाग्न प्रेरणा प्रदान गरोस्। यो वर्ष कानुन निर्माणको वर्ष होस्, बनेको कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने कार्यभार हुनुपर्छ। यसबाट मात्रै 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पना हासिल हुनुसक्छ।

**व्यवस्थालाई स्थायित्व दिने सङ्कल्प गरौँ : माधव सापकोटा (माओवादी केन्द्र)**

राजनीतिक हिसाबले अस्थिरताको स्थिति छ, स्थिरतामा जानुपर्छ। संविधान संशोधनको छलफल गरिरहेका छौँ, इमान्दारिताका साथ संविधान संशोधनका लागि प्रमुख राजनीतिक शक्तिहरूबीच राजनीतिक संवाद गर्ने, व्यवस्थामा स्थायित्व दिने गरी संविधान संशोधनको सङ्कल्प गर्ने। खासगरी रोजगार र स्वरोजगारलाई सुनिश्चित बनाउन उचित वातावरण बनाउने आजको मुख्य अभिभारा हो। नयाँ वर्षले राजनीतिक नेतृत्व र दलहरूलाई त्यस दिशामा प्रेरणा देओस्।

**सुशासन र सार्वजनिक सेवामा सुधार अपरिहार्य : मनिष झा (राष्ट्रिय स्वतन्त्र पार्टी)**

सुशासन र सार्वजनिक सेवामा सुधार अहिलेको अपरिहार्यता हो। यो नै विकासको आधार हो। यी क्षेत्रमा काम नगरी मुलुक समृद्ध हुन सक्दैन। संविधान संशोधन राजनीतिक स्थिरताका लागि हुनुपर्छ। तर अहिले संविधान संशोधन सत्ता स्थिरताको मुद्दा मात्रै बनेको छ। राद्ध  जनीतिक स्थिरताको संस्थागत अभ्यासका लागि मुद्दा हुनुपर्ने तर गठबन्धन बनाउने मात्रै सीमित भइदियो। संशोधनभन्दा पनि परिमार्जन चाहिन्छ। त्यो परिमार्जन हुने तयारी भएन, त्यसमा काम गर्नुपर्छ।

**हाम्रै प्रयास र लगनशीलताबाट समृद्धि सम्भव छ : शरत्सिंह भण्डारी (लोकतान्त्रिक समाजवादी पार्टी)**

नेपालको समृद्धिको लक्ष्य हाम्रै प्रयास र लगनशीलताबाट प्राप्त गर्न सम्भव छ। नयाँ वर्ष २०८२ देखि नै आर्थिक विकासमा योगदान, सेवा प्रवाहमा सुधारलगायत रोजगारयोग्य वातावरण सिर्जना गर्न रुपान्तरणकारी कार्यहरूको सुरुआत गर्नुपर्नेछ। नेपालको श्रम बजारको विकास तथा विस्तारमा हामीले समग्र रोजगार शृङ्खलामै गुणात्मक परिबर्तन ल्याउनु छ।

नेपालको वर्तमान श्रम तथा रोजगारीलाई क्रमशः सुधार गर्दै आगामी दश वर्षभित्रै नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यकारी अवस्थालाई हटाउन नेपाल सरकार पूर्ण कटिबद्ध छ। नेपाली श्रमिक नेपाल या विदेशमा जहाँ भए पनि नेपालीको हकहित र संरक्षण अभिवृद्धि गर्न नीतिगत तथा कानुनी सुधार गर्नका लागि सरकारले तत्कालै सुधारका क्रियाकलाप कार्यान्वयन गर्नेछ।

---

## बिसं २०८१ : नेपाली...

प्रतियोगिताकै उत्कृष्ट खेलाडी बन्दै मोटरकार पुरस्कार प्राप्त गरेका थिए।

**दक्षिण अफ्रिकासँग एक रनले हार**

नेपाली क्रिकेट टोलीले २०८१ सालमा आइसिसी 'टी २०' विश्वकप क्रिकेट प्रतियोगिताको समूह चरणको खेल खेल्ने अवसर प्राप्त गर्‍यो। नेपालले अमेरिका र वेष्ट इण्डिजमा भएको कूल चारवटै खेलमा जित्न नसकी लिग चरणबाटै बाहिरिएको थियो। नेपाल तीन खेलमा पराजित हुन पुगेको थियो भने श्रीलङ्कासँगको खेल वर्षाको कारण रद्द भएपछि दुबै टोलीले एक-एक अङ्क पाएका थिए। दक्षिण अफ्रिकासँगको खेलमा नेपाली टोलीले सशक्त खेल प्रस्तुत गर्दै एक रनले मात्र पराजित भएको थियो।

**महिलाको सशक्त उपस्थिति**

'यू-१९' महिला क्रिकेट टोलीले मलेसियामा टी-२० विश्वकप खेल्न पाउनु नेपाली खेलकुदको अर्को सफलता मानिएको छ। युगाण्डामा आयोजित क्रिकेट प्रतिस्पर्धामा नेपाली महिला खेलाडीहरूले चार खेल जितेर पहिलोपटक मुलुकलाई विश्वकपमा छनोट गराउन योगदान गरेका थिए।

**व्यक्तिगत लगानीमा रङ्गशाला**

रुपन्देहीको तिलोत्तमा नगरपालिकामा नागरिकस्तरबाट व्यक्तिगत लगानीमा क्रिकेट रङ्गशाला निर्माण गरी प्रतियोगिता र प्रशिक्षण सुरु हुनुलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ। गुल्मीका विनोद कुँवरले व्यक्तिगत लगानीमा निर्माण सम्पन्न गरेको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालामा राति पनि खेल सञ्चालन गर्न फ्लड लाइटको व्यवस्था गरिनु अझ खुसीको विषय हो। यस रङ्गशालामा एक वर्षको अवधिमा एक सयभन्दा बढी खेल सञ्चालन भइसकेका छन्।

**हुन नसकेको राष्ट्रिय खेलकुद**

बिसं २०८१ मा १०औँ राष्ट्रिय खेलकुदको मिति तीनपटक घोषणा भएता पनि प्रतियोगिता भने हुन नसक्नु दुःखद पक्ष मानिएको छ। सरकारले राष्ट्रिय खेलकुदका लागि कुल ६० करोड रुपैयाँ विनियोजन गरेको थियो। राष्ट्रिय खेलकुद परिषद्ले २०८१ साल मङ्सिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमा उक्त प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको थियो। तर तयारी नपुगेको जनाउँदै परिषद् बोर्ड बैठकले २०८१ साल चैत २३ देखि ३० गतेसम्मका लागि उक्त प्रतियोगिताको मिति सारेको थियो। तर चैतमा पनि हुन नसकेपछि २०८२ साल जेठ ३ गतेदेखि १० राष्ट्रिय खेलकुद तयारी नपुगेको भन्दै पुनः स्थगित भएको थियो। जेठमा प्रतियोगिता गर्दा मौसम प्रतिकूल हुने कारण पनि जनाइएको छ।

अब जेठमा पनि नहुने भएपछि राष्ट्रिय खेलकुद अन्यौलमा परेको छ। २०३८ सालमा सुरु भएको राष्ट्रिय खेलकुद तीन दशक भइसक्दा पनि नवौँ संस्करण मात्र सम्पन्न हुनु नेपाली खेल पदाधिकारीहरूको ठूलो कमजोरी मान्न सकिन्छ।

नेपालमा खेलकुदको संस्थागत विकास भएको लामो समय भइसक्दा पनि दीर्घकालीन योजना प्रभावकारी हुन सकेको छैन। खेलकुदमा लगानीको दृष्टिकोणमा प्रतिफल सन्तोषजनक छैन। मुलुकका युवालाई अनुशासित बनाउने तथा विश्व मानचित्रमा देशलाई चिनाउने माध्यम मानिएको खेलकुदलाई सरकारले यथोचित प्राथमिकता दिएर आवश्यक योजनाअघि बढाउनु पर्दछ।

देशभर खेलकदुमय वातावरण बनाउँदै विद्यालयतहसम्म खेल प्रशिक्षणलाई विस्तार नगरिएसम्म नेपाल जुनसुकै स्तरको अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भए पनि उपलब्धिविहीन हुनसक्ने जोखिम कायम छ। ओलम्पिक तथा एसियाली खेलकुदजस्ता महत्वपूर्ण प्रतियोगिता लक्षित लामो अवधिको प्रशिक्षण सञ्चालन नगरिएसम्म नेपालको अन्तरराष्ट्रिय सहभागिता, सहभागितामै सीमित नहोला भन्न सकिन्न। यसैगरी, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्जस्ता जिम्मेवार निकायले नेपालमा खेलेर पनि बाँच्न सकिने परिस्थितिको सिर्जना गर्नका लागि विशेष अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता भइसकेको छ। यदि यसो गर्न सकिएमा २०८१ सालमा जस्तै आगामी वर्षहरूमा हाम्रा प्रतिभाशाली खेलाडीहरूको विदेश पलायन हुने दर न्यूनीकरण तथा नियन्त्रण गर्न सकिनेछ। समग्रमा खेलकुदमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा नेपालको प्रतिष्ठा  र पहिचान अभिवृद्धि गर्न सकिन्छ।

---

## विश्व समाचार

### इजरायलका पूर्व गुप्तचर अधिकारीद्वारा गाजा युद्ध अन्त्य गर्न र बन्धकहरूलाई फिर्ता गर्न आग्रह

जेरुसेलम, १ वैशाख (रासस/सिन्ह्वा)।

इजरायलको मोसाद गुप्तचर निकायका २५० भन्दा बढी पूर्व अधिकारीले गाजा पट्टीमा जारी युद्ध तत्काल अन्त्य गर्न र त्यहाँ रहेका इजरायली बन्धकहरूको रिहाईका लागि आग्रह गरेका छन्। उनीहरूले एक पत्रमा हस्ताक्षर गरी युद्ध अन्त्य र बन्धकको रिहाईका लागि आग्रह गरेको इजरायलको सरकारी स्वामित्वको कान टिभी न्यूजले आइतबार जनाएको छ। मोसादका तीन जना पूर्व प्रमुखडानी याटोम, एफ्रेम हालेभी र तामिर पार्डोका साथै उक्त सेवाबाट निबृत्त भएका अन्य दर्जनौं अनुभवी अधिकारीले हस्ताक्षर गरेका छन्। मोसादका पूर्व सदस्यहरूले पत्रमा भनेका छन्, "निरन्तरको लडाईले बन्धक र हाम्रा सैनिकको जीवनलाई खतरामा पार्छ र त्यो दुःखको अन्त्य गर्ने सम्झौतामा पुग्नका लागि सबै सम्भावनाहरू खोजिनुपर्छ। साहसी निर्णय गर्न र देशको सुरक्षाका लागि जिम्मेवार भएर काम गर्न हामी सरकारलाई आह्वान गर्दछौं।"

उनीहरूले आरक्षित वा सेवानिबृत्त सयौं सैन्य एयरसदस्यहरूको पक्षमा समर्थन व्यक्त गर्दै शत्रुताको अन्त्य र बन्धकहरूको फिर्तीको लागि आह्वान गरेका हुन्। बिहीबार एयरक्रूहरूको पत्र प्रकाशित भएपछि इजरायली बायु सेनाका कमान्डर टोमर बारले हस्ताक्षरकर्ताहरूमध्ये सक्रिय रिजर्भिस्टहरूको सेवा समाप्त गर्ने निर्णय गर्नुभएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बर्खास्तीको निर्णयको समर्थन गर्दै हस्ताक्षरकर्ताहरूलाई 'साना अतिवादी समूह' को संज्ञा दिनुभएको छ भने उनीहरूले 'इजरायली समाजलाई भित्रबाट तोड्न' प्रयास गरिरहेको बताउनुभएको छ। आइतबार पनि करिब २०० इजरायली सैन्य चिकित्सकले युद्ध रोक्न र बन्धकहरूलाई घर फर्काउन माग गर्दै एउटा निवेदनमा हस्ताक्षर गरेको पत्रको प्रतिलिपि प्रकाशित गर्ने बिभिन्न सञ्चारमाध्यमले जनाएका छन्।

"गाजामा जारी लडाईंको मुख्य उद्देश्य कुनै सुरक्षा उद्देश्य बिना राजनीतिक र व्यक्तिगत स्वार्थ पूरा गर्नु हो र यसले सैनिक र बन्धकहरूको जीवनलाई खतरामा पार्छ," विज्ञप्तिमा भनिएको छ। हमासले सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमणका क्रममा २५१ जनालाई गाजामा बन्धक बनाएको थियो। हाल गाजामा ५९ जना इजरायली बन्धक रहेका छन् र तीमध्ये २४ जना अझै जीवित रहेको अनुमान गरिएको छ। इजरायल र हमासबीच गत जनबरीमा तीन चरणको युद्धविराम सम्झौता भएको थियो। तर, पहिलो छ हप्ताको वार्ता मार्च १ मा सकिएपछि दोस्रो चरणको वार्तामा गतिरोध उत्पन्न भएको छ। त्यसपछि इजरायलले युद्धविरामको गतिरोधका बीच मार्च १८ मा गाजामा सैन्य कारबाही पुनः सुरु गरेको थियो।

### केटी पेरी महिला उडानमा अन्तरिक्षमा उडान भर्न तयार

वासिङ्टन, १ वैशाख (रासस/एएफपी)।

पप स्टार केटी पेरी अर्बपति जेफ बेजोसको रकेटमा ब्रह्माण्डमा गर्जना गर्दै सोमबार अन्तरिक्षको किनारा छुने सम्पूर्ण महिला समूहमा सवैभन्दा ठूलो नाम हुनेछ। 'फायरवर्क' र 'क्यालिफोर्निया गर्ल्स' गायिकालाई अमेजनका संस्थापक स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी ब्लु ओरिजिनको बिमानमा पृथ्वीको सतहबाट १०० किलोमिटर (६० माइल) भन्दा माथि उडाइनेछन। बेजोसकी मङ्गेतर लरेन सान्चेजसहित अन्य पाँच महिला पश्चिमी टेक्सासबाट बिहान करिब ८:३० बजे (१३३० जिएमटी) तिर प्रक्षेपण हुने उडानमा सहभागी हुनेछन्।

उनीहरूको पूर्ण स्वचालित यान ठाडो रूपमा उठ्नेछ। त्यसपछि चालक दल क्याप्सुल मध्य-उडानमा छुट्टिनेछ र पछि प्यारासुट र रेट्रो रकेटद्वारा गति कम गरेर जमिनमा फर्कनेछ। सन् १९६३ मा भ्यालेन्टिना तेरेस्कोभाको ऐतिहासिक एकल उडानपछि सोमबारको अभियान पहिलो महिला अन्तरिक्ष हो। यो ब्लु ओरिजिनको ११औं उप-कक्षीय (सब-अर्बिटल) चालक दल सञ्चालन पनि हो, जसले धेरै बर्षदेखि अन्तरिक्ष पर्यटनको अनुभव प्रदान गर्दै आएको छ। कम्पनीले आफ्नो न्यु शेपर्ड रकेटले सम्भव बनाएको यात्राको मूल्य सार्वजनिक रूपमा बताउँदैन।

करिब १० मिनेटसम्म चल्ने यो उडानले यात्रुहरूलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त अन्तरिक्षको सीमा-कर्मन रेखाभन्दा बाहिर ल्याउनेछ। त्यहाँ एक छोटो अवधि हुनेछ जतिबेला महिलाहरूले आफ्नो सीटबाट बेल्ट खोल्न र शून्य गुरुत्वाकर्षणमा तैरिन सक्नेछन्। पेरीले हालै एले पत्रिकालाई 'मेरी छोरी डेजीका लागि' भाग लिइरहेको बताउनुभयो। छोरीलाई उहाँले अभिनेता ओर्लान्डो ब्लुमसँग साझा गर्नुहुन्छ। पेरी 'उनलाई आफ्ना सपनाहरूमा कुनै सीमा नराख्न प्रेरित गर्न' सहभागी भइरहनुभएको छ। "उनको आँखाबाट प्रेरणा र उनको आँखामा भएको प्रकाश देखेर म निकै उत्साहित छु जब उनले त्यो रकेट गएको देख्छिन् र उनी भोलिपल्ट स्कुल फर्कन्छिन् र भन्छिन्, 'आमा अन्तरिक्षमा जानुभयो'", पेरीले भन्नुभयो।

उहाँले इन्स्टाग्राममा पोस्ट गरिएको छुट्टै भिडियोमा अन्तरिक्ष प्रशिक्षणका क्रममा उहाँले यात्रा गर्ने क्याप्सुललाई 'कछुवा' नाम दिइएको र 'फेदर' डिजाइनले सजाइएको बताउनुभयो। ती दुवै नाम उहाँका आमाबाबुले उहाँका लागि राखेका दुई उपनाम हुन्। "त्यहाँ कुनै संयोग छैन र म यी पुष्टिहरूका लागि धेरै आभारी छु, र म मभन्दा ठूलो केही कुराले जहाज चलाइरहेको महसुस गर्छु त्यसका लागि पनि धेरै आभारी छु", पेरीले भिडियोमा भन्नुभयो। आफ्नो सन् २००८ को हिट 'आइ किस्ड अ गर्ल' सँगै अन्तर्राष्ट्रिय मञ्चमा आउनुभएकी पेरी टिभी प्रस्तोता गेल किङ, फिल्म निर्माता केरियान फ्लिन, पूर्व नासा बैज्ञानिक आइशा बोवे र यौन हिंसा बिरुद्धको अभियान समूहकी संस्थापक अमान्डा न्गुयेनसँग बस्नुहुनेछ।

उहाँहरूले ५२ जना अघिल्लो ब्लु ओरिजिन यात्रुहरूलाई पछ्याउनुहुनेछ, जसमा लामो समयदेखि 'स्टार ट्रेक' का प्रमुख व्यक्ति विलियम स्याटनर पनि हुनुहुन्छ। यस्ता उच्च प्रोफाइलका पाहुनाहरूले ब्लु ओरिजिनको काममा सार्वजनिक रुचि कायम राख्न उद्देश्य राखिएको छ, जसले अन्तरिक्ष पर्यटनको क्षेत्रमा धेरै प्रतिद्वन्द्वी फर्महरूसँग लडाइँ गरिरहेको छ। बेजोसको यात्री उडानहरूमा मुख्य प्रतिद्वन्द्वी भर्जिन ग्यालेक्टिक हो। यसले समान सब-अर्बिटल अनुभव प्रदान गर्दछ। तर ब्लु ओरिजिनको लक्ष्य एलन मस्कको स्पेसएक्ससँग सिधै प्रतिस्पर्धा गर्न भविष्यमा अन्तरिक्ष पर्यटकहरूलाई कक्षामा लैजाने हो। जनबरीमा ब्लु ओरिजिनको धेरै शक्तिशाली न्यु ग्लेन रकेटले आफ्नो पहिलो मानबरहित कक्षीय मिसन सफलतापूर्वक पूरा गरेको थियो।

# निषेधआज्ञाले वीरगञ्जमा नयाँ वर्ष प्रभावित

पर्सा, १ वैशाख (रासस)। हनुमान जयन्तीका अवसरमा शनिबार निकालिएको शोभायात्राका क्रममा उत्पन्न विषम परिस्थिति नयाँ वर्ष वीरगञ्जमा प्रभावित भएको छ। गत चैत ३० गते हनुमान जयन्तीको अवसरमा निकालिएको शोभायात्रा दुई समूहबीचको झडपपछि नियन्त्रणका लागि लगाइएको निषेधआज्ञा (कर्फ्यू)आदेशको कारणले वीरगञ्जवासीको नयाँवर्ष अन्य वर्षको जस्तै मनाउन पाएनन्।

नयाँ वर्ष लक्षित गरेर वीरगञ्ज महानगरले आयोजना गरेको रात्रि बजार पनि निषेधआज्ञाको कारणले शनिबार र आइतबार दुई दिन सञ्चालन नपाएपछि स्थगित गरिएको छ। होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साकाका अध्यक्ष हरि पन्तले वीरगञ्जमा उत्पन्न भएको विषम परिस्थितिको कारणले 'बुकिङ' भएका होटल पनि धमाधम खाली भएको जानकारी दिनुभयो।

"नयाँवर्ष मनाउन आएका भारतीय पाहुना पनि निषेधआज्ञाको कारणले होटल छाडेर फर्किनुभएको छ," उहाँले भन्नुभयो," नयाँ वर्ष मनाउन आएका पाहुनापछि एकाएक छाडेर जाँदा यहाँको पर्यटन व्यवसायी झनै धरासायी हुने अवस्थामा पुगेको छ।" अध्यक्ष पन्तले नेपाली नयाँ वर्षको 'इभ' तथा नयाँवर्षको दिन वीरगञ्जका होटल भारतीय पाहुना तथा स्वदेशी पर्यटकले भरिभराउ हुने गर्दथ्यो। तर,अहिले भने निषेधआज्ञा आदेशको कारणले कोही पनि व्यक्ति घरबाट निस्किन पाइरहेका छैनन्। नयाँ वर्षको पूर्वसन्ध्यामा निषेधआज्ञा) चैत ३० गते बेलुका ६.३० बजेदेखि चैत ३१ गते रातको १२ बजेसम्म निरन्तर रुपमा निषेधआज्ञा जारी भएको थियो।

उहाँले नयाँ वर्षको पूर्वसन्ध्यामा वीरगञ्जका होटल ५५ प्रतिशत 'अंकुपेन्सी' भएको भए पनि अहिले पहुना होटल खाली गरेर छाडेर गएको दाबी गर्नुभयो।

वीरगञ्जमा भारतीय तथा अन्य मुलुकका पर्यटकलाई लक्षित गरेर क्यासिनोसहितका सुविधासम्पन्न तारे होटल पनि सञ्चालनमा रहेका छन्। वीरगञ्जका तारे होटलमा दियालो लडर्स प्लाजा, भिष्वा, क्लार्क रिसोर्ट, सुरज होटल लगायतका रहेका छन्।

वीरगञ्ज बजार क्षेत्रमा मात्रै साना ठूला गरेर ८५ भन्दा धेरै होटल तथा लज रहेका छन्।"बन्द हड्तालको कारणले होटलमात्रै नभएर सबै खालका व्यापार व्यवसायमा प्रत्यक्ष असर पार्दै आइरहे।का छन्," उहाँले भन्नुभयो, "बन्द, हड्ताल, निषेधाज्ञा लगायतका गतिविधि सधैँका लागि बन्द गर्नुपर्नेमा यस्तो गतिविधि हुँदा पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित हुने गरेको छ।"

एकातर्फ व्यापारिक तथा औद्योगिक सहरको छायाँ र अर्कोतर्फ पर्यटकीय गन्तव्यको प्रचारप्रसारको कमीको कारणले पनि वीरगञ्जमा अपेक्षाकृत पर्यटक भित्रिन सकिरहेका छैनन्। सीमावर्ती रक्सौल नाका हुँदै मासिक हजारौँको सङ्ख्यामा भारतीय पर्यटक नेपाल आइरहेका हुन्छन्।

आकर्षक गन्तव्यको अभावमा भारतीय पर्यटकलाई वीरगञ्ज आसपासको क्षेत्रमा रोक्न सकिएको छैन। जसले गर्दा यहाँको पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्दै आइरहेको छ। भारतको रक्सौल नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकले वीरगञ्जलाई केवल बाटोका रुपमा मात्रै प्रयोग गर्दै आइरहेका छन्। जसका कारणले वीरगञ्जको पर्यटन क्षेत्रले त्यसको लाभ उठाउन सकिरहेका छैनन्।

त्यही समस्यालाई मध्यनजर गर्दै वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकलाई कम्तीमा पनि दुई रात पर्सा आसपासकै क्षेत्रमा बसोबास गर्ने वातावरण सिर्जना गर्नेतर्फ ध्यान दिइरहेको जनाएको छ।

वीरगञ्जमा करिब १० अर्ब भन्दा धेरै लागतमा तारे तथा अन्य होटल सञ्चालनमा रहेका छन्।

# पाठ्यपुस्तक उपलब्धताबारे बुझ्न देशव्यापी अनुगमन गरिने

काठमाडौँ, १ वैशाख (रासस)। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्रमा देशभरका विद्यालयमा पाठ्यपुस्तक उपलब्धताको स्थिति मूल्याङ्कन गरी यसलाई थप प्रभावकारी बनाउन आगामी वैशाख पहिलाय ँ सातादेखि देशव्यापी अनुगमन गर्ने भएको छ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले हाल देशभरका एक हजार दुई सय ६७ सूचीकृत बिक्रेताहरूको सङ्गठनात्मक सञ्जालमार्फत पाठ्यपुस्तक बिक्री वितरण भइरहेको र त्यसको थप प्रभावकारिताका लागि देशव्यापी अनुगमन गरिने जानकारी दिनुभयो। त्यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, पुस्तक व्यवसायी सङ्घ र अभिभावक सङ्घलगायतका प्रतिनिधि रहनेगरी केन्द्रीय अनुगमन संयन्त्र तयार गरिएको उहाँले बताउनुभयो।

"हाल देशभरका विद्यालय, स्थानीय तह, जिल्लास्थित शिक्षा विकास समन्वय एकाइ, पुस्तक व्यवसायी सङ्घ, अभिभावक सङ्घलगायत सरोकारवालाहरूबीच आपसी समन्वयमा पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गरिएको छ। यसलाई थप प्रभावकारी बनाउन वैशाख पहिलो सातादेखि देशव्यापी अनुगमन गरिने छ। जसले पाठ्यपुस्तक उपलब्धताको स्थिति र अन्य समस्याको पहिचान गरी आवश्यक सहजीकरण गर्नेछ", प्रबन्ध निर्देशक पौडेलले राससससँग भन्नुभयो।

केन्द्रले यही चैत मसान्तसम्म देशका ७७ वटै जिल्लामा ८० लाख थानभन्दा बढी पाठ्यपुस्तक बिक्री वितरण भइसकेका, अधिकांश हिमाली तथा पहाडी जिल्लामा पुस्तक पुगिसकेका र सुगम तथा तराईका जिल्लाहरूमा निरन्तर बिक्री वितरण भइरहेको जानकारी दिएको छ। आफ्नो जिम्मेवारीमा रहेका विद्यालयस्तरीय पाठ्यपुस्तक नयाँ शैक्षिक सत्र सुरुआतसँगै विद्यार्थीको हातहातमा पुऱ्याउने सुनिश्चितता गरिएको र त्यसका लागि आफ्ना सम्पूर्ण संयन्त्र क्रियाशील रहेका केन्द्रले जनाएको छ।

नेपाल सरकारले केन्द्रलाई कक्षा एक, दुई र चारबाहेक कक्षा १२ सम्मका पाठ्यपुस्तक उत्पादन तथा बिक्री विरण गर्ने जिम्मेबारी दिएको छ। ती तीन वटा कक्षाका पाठ्यपुस्तक उत्पादन गर्ने जिम्मा भने निजी क्षेत्रलाई दिइएको छ।

गत शैक्षिक सत्र २०८१ मा एक करोड ३९ लाख थान पाठ्यपुस्तक छपाइ गरी विद्यार्थीको हातहातमा पुऱ्याएको केन्द्रले यस वर्ष विद्यार्थीको सङ्ख्याका आधारमा एक करोड ५६ लाख थान पाठ्यपुस्तक पुऱ्याउने लक्ष्य लिएको केन्द्रका प्रबन्धक निर्देशक पौडेलले बताउनुभयो। विद्यार्थी सङ्ख्या र थप आवश्यकतालाई मध्यनजर गरी एक करोड ७० लाख थान पाठ्यपुस्तक उत्पादन गरी केन्द्रीय कार्यालय र मातहतका सात वटा प्रादेशिक कार्यालयमा समयमै पुऱ्याइसकिएको उहाँले जानकारी दिनुभयो।

"पछिल्ला केही वर्षयता हामीले समयमै पाठ्यपुस्तक छपाई गरी विद्यालयमा पुऱ्याउने काम गरिरहेका छौँ, यसपटक पनि मातहतका निकायमा समयमै पाठ्यपुस्तक पुऱ्याइसकिएको छ। केन्द्र र प्रादेशिक कार्यालय विराटनगर, जनकपुर, भरतपुर, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत र धनगढीमा आफ्ना प्रादेशिक कार्यालय तथा पाठ्यपुस्तक बिक्री वितरणका लागि एक हजार दुई सय ६७ सूचीकृत बिक्रेताहरूको संगठनात्मक सञ्जाल तयार गरिएको छ", प्रबन्ध निर्देशक पौडेलले भन्नुभयो, "विगतका अनुभव र सिकाइ तथा कमजोरीको समीक्षा गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चिता गरिएको छ। सबै सरोकारवाला निकायसँग समन्वय गरी प्रभावकारी बनाउन हामी लागिरहेका छौँ।"

कक्षा ११ र १२ को नयाँ शैक्षिक सत्रका लागि पनि केन्द्रले आफ्नो मुद्रणालयबाट १२ लाख थान पाठ्यपुस्तक उत्पादन गरिरहेको जनाएको छ।

### फोनिजको...

सचिवहरुमा मिलन गाहा मगर, सन्दिप कुमार श्रेष्ठ, एमबी आस्था मगर रहनुभएको छ। संस्थागत सचिव सुनिल महर्जन, सचिव (महिला) माला पालुङवा लिम्बु, सचिव (महिला) मिला दराई, कोषाध्यक्ष अर्जुनबहादुर तामाङ, सह-कोषाध्यक्ष लक्ष्मी स्याङतान (कमला) निर्वाचित हुनुभएको हो।

फोनिजको कोशी प्रदेश इन्चार्ज राजेन्द्र दुष्ट, मधेश प्रदेशमा इन्चार्ज शंकरलाल श्रेष्ठ, बागमती इन्चार्जमा सुरेन्द्रभक्त श्रेष्ठ, गण्डकी इन्चार्जमा रुद्र श्रीस, लुम्बिनी इन्चार्जमा गजेन्द्र गुरुङ, कर्णाली इन्चार्जमा रत्न सुनुवार, सुदूरपश्चिम इन्चार्ज रामलखन चौधरी चयन हुनुभएको छ।

सदस्यहरुमा अतित योङहाङ, प्रदिपकुमार चौधरी, प्रज्वल श्रेष्ठ, प्रविण श्रेष्ठ, निरज रञ्जित, अमिर लामा चयन हुनुभएको छ। संस्थागत सदस्यहरु प्रदिपकुमार लेखी, साहिला तामाङ, दानबहादुर गुरुङ, श्याम राना मगर, सुरजवीर बज्राचार्य, महिला सदस्यहरुमा विनु चेम्जोङ, रत्ना गुरुङ, सरस्वती श्रेष्ठ, प्रतिमा चौधरी, मिक्साङ बाईबा तामाङ, सुप्रिया राई, भुमिका फियाक लिम्बु र रिया आले निर्वाचित हुनुभएको छ।

अल्पसंख्यक सदस्यहरुमा संगीता चेपाङ र प्रितम भूजेल, विदेश सदस्य विनोद श्रेष्ठ, लेखा समिति संयोजकमा गजेन्द्र राई र सदस्यमा प्रविणकुमार गाहा निर्वाचित हुनुभएको हो।


## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
जन ज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सचिन्द्र दास**
अध्यक्ष एवं
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
नेपाल सहकारी संस्था लि.
राजविराज, परिवार

## भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

# Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**
– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
– CC Camera को निगरानीमा पठनपाठन गराइने।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*